कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अत्यन्त जरुरी

अत्यन्त जरुरी सूचना

मिति:२०८३/०४/२९

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशबाट सिफारिस भई प्रदेश निजामती सेवा र स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएका कर्मचारीहरुको वैयक्तिक विवरण (सिटरोल) प्रविष्टि सम्पन्न भई मिति २०८३/०३/०४ मा कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहहरुका लागि सिटरोल फाराम बुझिलिने सम्बन्धी सूचना सार्वजनिक गरिएको। साथै पत्र संख्या २०८२/०८३ च.नं.३९१७, मिति २०८३/०३/२२ मा प्रदेश तथा पत्र संख्या २०८२/०८३ च.न.३९१८ मिति २०८३/०३/२२ मा स्थानीय तहहरुमा सिटरोल फाराम बुझिलिनुहुन पूनः परिपत्र समेत गरिसकिएको छ। हालसम्म पनि कतिपय प्रदेश कार्यालय र स्थानीय तहबाट सिटरोल फाराम बुझिलिन बाँकि कर्मचारी रहेकोले यथाशिघ्र आ-आफ्नो सिटरोल फाराम बुझिलिनुहुन सम्बन्धित सम्पूर्ण कर्मचारीहरु र यस कार्यका लागि थप सहजिकरण गरिदिनुहुन सम्पूर्ण सम्बन्धित निकायहरुमा सूचित गरिन्छ। साथै प्रदेश लोक सेवा आयोगबाट प्रदेश निजामती सेवा र स्थानीय सेवामा सिफारिस भई हालसम्म पनि सिटरोल फाराम यस कार्यालयमा पेश नगरेका सम्पूर्ण कर्मचारीहरुलाई रितपूर्वक सिटरोल फाराम भरी सात (७) दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन समेत यसै सूचना मार्फत आदेशानुसार सूचित गरिन्छ।

सादर अवगतार्थ

श्रीमान् प्रमुख सचिवज्यू, कर्णाली प्रदेश सरकार।

बोधार्थ

श्रीमान् सचिवज्यू, प्रशासन तथा शासकीय सुधार क्षेत्र।

श्री प्रशासन महाशाखा।

श्री प्रदेश कर्मचारी प्रशासन शाखा।

श्री स्थानीय सेवा कर्मचारी प्रशासन शाखा।

श्री सूचना प्रविधि तथा सञ्चार शाखा, सूचना वेवसाइटमा प्रकाशन गर्नुहुन।

२०८३/०४/२९

शाखा अधिकृत